त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# काँकरभिट्टा बहुमुखी क्याम्पस

स्था : २०५५

# नन् क्रेडिट (सिपमूलक तालिम) कक्षा व्यवस्थापन सम्बन्धी नीति तथा कार्यविधि-२०८१

मेचीनगर नगरपालिका वार्ड नं.६,
काँकरभिट्टा (झापा)
कोशी प्रदेश

# काँकरभिट्टा बहुमुखी क्याम्पसको
## नन क्रेडिट (सिपमूलक तालिम) कक्षा व्यवस्थापन सम्बन्धी नीति तथा कार्यविधि-२०८१

१. **प्रस्तावना :** क्याम्पसले त्रिभुवन विश्वविद्यालयको कोर्षका अतिरिक्त नन केडिट (सिपमूलक) कोर्षको माध्यमद्धारा विद्यार्थीहरुलाई स्वरोजगार तथा रोजगारीमा सहज पहुँचलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न क्याम्पसको विधान २०८० को बुदाँ ७९ ले दिएको अधिकार प्रयोग गरी यो नीति तथा कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

२. **नाम र प्रारम्भ :**

२.१. यो नीति तथा कार्य विधिको नाम काँकरभिट्टा बहुमुखी क्याम्पसको नन केडिट कक्षा व्यवस्थापन सम्बन्धी नीति तथा कार्यविधि २०८१' रहने छ ।

२.२. यो नीति तथा कार्यविधि सञ्चालक समितिले निर्णय गरेको मितिबाट लागू हुने छ ।

३. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीति तथा कार्यविधिमा :**

३.१. "क्याम्पस" भन्नाले काँकरभिट्टा बहुमुखी क्याम्पसलाई सम्झनु पर्ने छ ।

३.२. 'सञ्चालक समिति' भन्नाले विधानको धारा १४ बमोजिम गठित समिति सम्झनु पर्छ ।

३.३. 'समिति' भन्नाले विद्यार्थी परामर्श समिति भन्ने सम्झनु पर्छ ।

३.४. 'स्टाफ' भन्नाले प्राध्यापक र कर्मचारी वर्ग भन्ने सम्झनु पर्छ ।

३.५. 'विज्ञ' भन्नाले कुनै पनि विधाका निपुर्ण व्यक्ति भन्ने सम्झनु पर्छ ।

३.६. 'स्वतन्त्र विद्यार्थी युनियन' भन्नाले क्याम्पस अन्तरगत गठित स्वतन्त्र विद्यार्थी युनियन बुझ्नु पर्ने छ । जसलाई स्ववियु मात्र पनि भन्न सकिने छ ।

३.७. 'SQC' भन्नाले क्याम्पसमा विद्यार्थीहरुका बिचमा गठित विद्यार्थीको प्रतिनिधिमूलक संस्था बुझ्नु पर्ने छ । जसको पूर्ण रुप Student Quality Circle हुने छ ।

४. **उद्धेश्य :**

४.१. **विद्यार्थीहरुलाई औपचारिक कोर्षका अतिरिक्त अनौपचारिक सिपमूलक** (Non Credit) **विषयमा तालिम दिने ।**

४.२. विद्यार्थीहरुलाई रोजगारमा पहुँच पुऱ्याउने ।

५. **नन केडिट कक्षा (सिपमूलक तालिम) को प्रकृति :**

५.१. यस प्रकारका तालिम सामान्यतया छोटो अवधि तथा मध्यम अवधिका हुने छन् ।

५.२. यस प्रकारका कक्षा प्रयोगात्मक शिक्षण विधिमा आधारित हुने छन् ।

५.३. सिपमूलक क्षमता विकास सम्बन्धी विभिन्न निकायबाट सञ्चालित र आधिकारिक मान्यता प्राप्त तालिमहरु यस कार्यक्रमअन्तर्गत सञ्चालन गरिने छ ।

५.४. तालिम सञ्चालनका लागि सम्बन्धित निकायहरुबाट आवश्यकताका आधारमा सम्बन्धन तथा सहमति प्राप्त गरिने छ ।

## ६. नन् क्रेडिट कक्षा सञ्चालन विधि :

६.१. कक्षा सञ्चालन क्याम्पसको पठनपाठन समयभन्दा छुट्टै समयमा गरिने छ ।

६.२. कक्षा सञ्चालनका लागि छुट्टै प्रशासनिक संरचना खडा गरिने छ ।

६.३. कक्षा सञ्चालनका लागि कार्यक्रमको कोअर्डिनेटर र आवश्यक अन्य जनशक्तिको व्यवस्थापन गरिने छ ।

६.४. कोअर्डिनेटर र अन्य जनशक्तिको निर्णय क्याम्पस सञ्चालक समितिबाट गरिने छ ।

६.५. कार्यक्रमसँग सम्बन्धित आम्दानी खर्चको लेखाङ्कन छुट्टै राखिने छ ।

## ७. नन् क्रेडिट कक्षाको प्रमाणीकरण :

७.१. नन् क्रेडिट कोर्ष अन्तर्गत सञ्चालित कक्षामा तोकिएको कोर्ष पूरा गर्ने प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गरिने छ ।

७.२. प्रमाणपत्र जारी गर्दा सम्बन्धित कार्यक्रम प्रदायक निकायसँगको समन्वयमा जारी गरिने छ ।

## ८. नन् क्रेडट कक्षा सम्बन्धी विवरण :

८.१. नन् क्रेडिट कक्षासँग सम्बन्धित विभिन्न कोर्ष सञ्चालन गर्न सकिने छ ।

८.२. नन् क्रेडिट कक्षा सञ्चालनका लागि क्याम्पस आफैले डिजाइन गरेका वा सम्बन्धन प्रदान गर्ने संस्थाले प्रदान गर्ने कक्षालाई यसै कार्यविधिको अनुसूची खण्डमा समावेश गरिने छ ।

९. **व्याख्या गर्ने अधिकार :** यो नीति तथा कार्यविधिको व्याख्या गर्ने अधिकार सञ्चालक समितिमा निहित रहने छ ।

१०. **संशोधन :** यो नीति तथा कार्यविधिको कुनै पनि बुँदामा संशोधन, खारेज वा थप गर्ने अधिकार सञ्चालक समितिमा सुरक्षित रहने छ । यसरी संशोधन गराइएको बुँदाको जानकारी क्याम्पस सभामा गराइने छ ।

११. **बचाउ :** यो नीति तथा कार्यविधि जारी हुनुपूर्व क्याम्पसको कुनै पनि नीति तथा कार्यविधि जारी गएिको भए, भए गरेका सम्पूर्ण कार्यहरू यसै नीति तथा कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

**॥ समाप्त ॥**

काँकरभिट्टा बहुमुखी क्याम्पस मेचीनगर-६ Kakarvitta Multiple Campus Mechinagar-6

## अनुसूची-१

### नन केडिट कोर्षको नाम, अवधि र शुल्क व्यवस्थापन सम्बधमा :

- कम्प्युटर बेसिक कोर्ष (अवधि) ३ महिना हुनेछ, यस कोर्षको शुल्क रु. २,५०० लाग्नेछ ।
- कम्प्युटर अपरेटर कोर्ष (अवधि) ६ महिना हुनेछ, यस कोर्षको शुल्क रु. ८,००० लाग्नेछ ।
- कम्प्युटर ग्राफिक्स डिजाईनिङ्ग कोर्ष (अवधि) ५ महिना हुनेछ, यस कोर्षको शुल्क रु.५,००० लाग्नेछ ।
- कम्प्युटर एकाउन्टिङ्ग प्याकेज(टेली र एक्सेल) कोर्ष अवधि ४ महिना हुनेछ, यस कोर्षको शुल्क रु. ३,५०० लाग्नेछ ।
- डेरी तथा मिठाइ मेकर, कोर्ष अवधि ३९० घन्टाको हुनेछ, यस कोर्षको शुल्क रु. ६,००० लाग्नेछ ।

# KAKARVITTA MULTIPLE CAMPUS

## NON -CREDIT COURSE (SKILL ORIENTED)

### 1. COMPUTER BASIC COURSE:

Fundamental of Computer
Typeshala(English,Nepali)
File Transfer
MS-Paint
Ms- Word
Ms-Excel
Ms- power point
email/internet/Facebook/YouTube/scanning, printing, photocopy, multimedia
exploring website.

### 2. COMPUTER OPERATOR COURSE: -

Fundamental of Computer
Typeshala(English & Nepali)
Ms-Windows/Paint
Ms-Word
Ms-Excel
Ms-Power Point
Ms-Access
Adobe InDesign
Adobe Photoshop
Corel Draw X8(Vector Design)
Team viewer/Share it
File Sharing
Networking
E-Library
Scanning/Printing
Software installation
File Format Changing (JPG,PDF,PNG)

### 3. Graphic Designing Course: -

Foundamental of Computer
MS-Word
Ms- Powerpoint Design
Advance Adobe Photoshop
Advance CorelDraw X7/Adobe Illustrator
Adobe in Design
Adobe Acrobat (PDF Editor)
Scanning/Printing
Email/internet/Facebook/Youtube

**4. Accounting Package (Tally Erp-9)**

Fundamental of Computer
Course Details
Tally Accounting + Excel